# सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ उपदफा (३) बमोजिम हिमालयन एभरेष्ट ईन्स्योरेन्स् लि. संग सम्बन्धित आ. व. २०८१/८२ प्रथम त्रैमासिकको सूचना

१. **निकायको स्वरुप र प्रकृतिः** कम्पनी ऐन, २०६३ वमोजिम २०४५ सालमार्ग ४ गते नेपाल सरकार, उद्योग तथा वाणिज्य मन्त्रालय, वाणिज्य विभागमा दर्ता भई पब्लिक लिमिटेड कम्पनीको रूपमा स्थापना भएको हो। मिति २०५० श्रावण ६ गते नेपाल वीमा प्राधिकरणबाट निर्जीवन बीमा व्यवसाय गर्ने बीमकको प्रमाणपत्रपाई नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयबाट २०५० श्रावण १३ गते कारोवार सुरू गर्ने इजाजतपत्र प्राप्त गरी २०५० मार्ग १६ गतेदेखि निर्जीवन बीमाको कारोवार गर्दै आएका छौं। साबिक हिमालयन जनरल ईन्स्योरेन्स कं. लि. र एभरेष्ट इन्स्योरेन्स कं. लि. एक आपसमा गाभिएर बनेको संस्था हिमालयन एभरेष्ट ईन्स्योरेन्स लिमिटेडको नामबाट २०७९ श्रावण ०१ गतेदेखि एकृकित कारोबार सूरू गरिएको छ।

२. **निकायको काम, कर्तब्य र अधिकारः** केन्द्रीय कार्यालय थापागाँउ, काठमाण्डौमा भएको यस कम्पनीले देशको विभिन्न स्थानमा गरी जम्मा ८४ वटा शाखा,४ तेस्रो पक्ष बिमा काउन्टरहरूबाट कम्पनीको प्रबन्धपत्र र नियमावलीको अधिनमा रही आफ्नो काम कर्तव्य र अधिकारहरू प्रयोग गरी निर्जीवन वीमा व्यवसाय संचालन गर्दै आएको छ।

३. **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरणः** हाल यस कम्पनीमा स्थायी, अस्थायी र करार सेवामा समेत गरी ४३९ जना कर्मचारी कार्यरत छन्। आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०७९ तथा कर्मचारी नियमावली, २०७९ र वीमकको संस्थागत सूशासन सम्बन्धी निर्देशिका, २०८० बमोजिम कर्मचारीहरूको कार्य विभाजन गरिदै आएको छ।

४. **निकायबाट प्रदान गरिने सेवाः** यस कम्पनीबाट विभिन्न निर्जिवन वीमा सेवाहरू जस्तै सम्पत्ति, सामूद्रिक, मोटर, हवाई, इन्जिनियरिङ्ग, विविध, कृषी तथा पशु र लघु वीमा सेवा प्रदान गर्दै आएको छ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः** केन्द्रीय कार्यालय, थापागाँउको हकमा प्रमूख कार्यकारी अधिकृत, नायव प्रमूख कार्यकारी अधिकृत र नायवमहाप्रवन्धकहरू, विभागीय प्रमूखहरू र शाखा तथा उपशाखा कार्यालयहरूको लागि सम्बन्धित शाखा तथा उपशाखा प्रमूखहरू जिम्मेवार हुनेछन्।

६. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः** यस कम्पनीले प्रदान गर्ने वीमा सेवाहरू नेपाल वीमा प्राधिकरणवाट जारी भएका निर्देशन वमोजिमको दर रेटमा र दर रेट नतोकिएका वीमाको हकमा अण्डरराईटिङ्ग विभागवाट तोकिए वमोजिम वा पूनर्विमकहरूबाट तोकिए वमोजिमका वीमा शुल्क भुक्तानी भएपछि तत्काले वीमालेख उपलव्ध गराउने व्यवस्था गरिएको छ। दावीको हकमा सर्भेयरको प्रतिवेदन प्राप्त भएपछि वा आवश्यक न्यूनतम कागजात प्राप्त भएको २१ दिनभित्रमा भुक्तानी गरिने व्यवस्था रहेको छ।
आर्थिक प्रशासन सम्बन्धी विनियमावली तथा कर्मचारी नियमावली बमोजिम शाखा प्रमुख, विभागीय प्रमुख, नायव महाप्रवन्धक, नायव प्रमूख कार्यकारी अधिकृत, तथा प्रमुख कार्यकारी अधिकृतलाई सांगठनिक स्वरूप अनुसार निर्णय गर्ने अधिकारी तोकिएको छ।

७. **निर्णय उपर उजुरी सुन्ने अधिकारीः** उजुरीको प्रकृति अनुसार शाखा प्रमुख, विभागीय प्रमुख, नायव महाप्रवन्धक, नायव कार्यकारी प्रमुख, तथा प्रमुख कार्यकारी अधिकृतलाई निर्णय उपर उजुरी सुन्ने अधिकारी तोकिएको छ।

८. **सम्पादन गरेको कामको विवरणः** वीमा ऐन, २०७९ तथा नेपाल वीमा प्राधिकरणको निर्देशन र परिपत्र वमोजिम निर्जिवन वीमा सेवाका सम्पुर्ण सेवाहरू कम्पनीले सम्पादन गर्दै आएको छ।

९. **सूचना अधिकारी र प्रमुखको नाम एवं पदः**
सूचना अधिकारी (नायब महाप्रबन्धकको नामः श्री ज्ञानेन्द्र उप्रेती मोबाईल नं. ९८५११४५६६१
प्रमुख कार्यकारी अधिकृतः श्रीमती अन्जु श्रेष्ठ, मोबाईल नं. ९८५११११६९२

१०. **ऐन, नियम, विनिमय वा निर्देशिकाको सूचीः** नेपाल सरकारबाट लागू भएका सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशनहरू यस कम्पनीले पालना गर्दै आएको र देहाय बमोजिमका ऐन, नियम, बिनियम र निर्देशिकाहरू निर्जिबन बीमा व्यवसायको लागि प्रमुख रहेका छन्।
क) कम्पनी ऐन, २०६३ तथा कम्पनी नियमावली, २०६४
ख) बीमा ऐन, २०७९ तथा नियमावली, २०४९
ग) धितोपत्र ऐन, २०६३ तथा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३
घ) मूलुकी देवानी संहिता, २०७४
ङ) सम्पत्ती शुद्धीकरण निवारण ऐन, २०६४ तथा सम्पत्ती शुद्धीकरण निवारण नियमावली, २०७३
च) नेपाल बीमा प्राधिकरणवाट जारी गरिएका सम्पूर्ण निर्देशनहरू तथा परिपत्रहरू
छ) सम्पत्ती सुचकरण तथा आतंककारी कृयाकलापमा वित्तीय लगानी निर्देशिका, २०७४ तथा
ज) अण्डरराईटिङ्ग तथा दावी सम्बन्धी म्यानुयलहरू, पुनर्बिमा नीति नेपाल बीमा प्राधिकरणबाट जारी गरिएका निर्देशन, आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०७९ तथा कर्मचारी नियमावली, २०७९।

११. **आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अध्यावधिक विवरणः** कम्पनीको आम्दानी खर्च वित्तीय अध्यावधिक विवरण त्रैमासिक रूपमा राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित हुदै आएको छ। साथै कम्पनीको वेवसाईट www.hei.com.np मा समेत उपलव्ध छ॥

१२. **तोकिए बमोजिमका अन्य विवरणः** नभएको।

१३. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरणः**
कर्मचारी तालिम, अभिकर्ता तालिम तथा संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रमहरू आयोजना गरिएको थियो।

१४. **सार्वजनिक निकायको वेभसाइट भए सो को विवरणः** www.hei.com.np

१५. **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः** नभएको ।

१६. **सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भएको भए सोको विवरणः**
त्रैमासिक वित्तीय विवरणहरू, गाडी तथा मोटरसाईकल लिलाम सम्बन्धी जानकारी तथा आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०७९ सम्बन्धी खरिदका जानकारीहरू सार्बजनिक सूचना साथै कम्पनीको वेवसाईटमा समेत राख्ने व्यवस्था गरिएको छ।

१७. **सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः** नभएको।

हिमालयन एभरेष्ट
इन्स्योरेन्स लिमिटेड

**केन्द्रीय कार्यालयः**
बबरमहल, काठमाण्डौ, पो.ब.नं. १४८
फोन नं. ०१-५२४५०९०/५२४५०९६
फ्याक्स नं. ०१-५२४५०९९